## ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
## चौथो वार्षिक साधारण सभाको
## विवरण (माइन्युट)

यस ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो वार्षिक साधारणसभा कम्पनीका अध्यक्ष श्री नन्द किशोर शर्माज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय गरी सम्पन्न भयो ।

**१.सभा भएको मिति, स्थान र समयः**

मिति :२०७८।११।०६ गते

स्थान : वाटरफ्रन्ट रिसोर्ट लेकसाईड, पोखरा वडा नं १८ ।

समय : बिहान ११:००

**२. सभाको सूचना प्रकाशन**

सञ्चालक समितिको मिति २०७८।१०।१२ गते बसेको ९९औं बैठकको निर्णय बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा मिति २०७८ फाल्गुन ०६ गते शुकवार दिनको ११:०० बजे पोखरा म.न.पा.वडा नं १८ स्थित वाटरफन्ट रिसोर्ट , लेकसाईडमा तथा भर्चुअल ( Zoom ) मार्फत समेत बस्ने भनि निर्णय गरे अनुसार मिति २०७८।१०।१३ गते र दोश्रो पटक मिति २०७८।१०।१६ गते राष्ट्रियस्तरको पत्रिका कारोबार दैनिकमा सूचना प्रकाशित गरि कम्पनी ऐन २०६३ को दफा ६७ (२) मा भएको व्यवस्था बमोजिम कम्पनीको बार्षिक प्रतिबेदन सहितको साधारण सभाको बिस्तृत सूचना शेयरधनी महानुभावहरुको कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको र कम्पनीको वार्षिक प्रतिवेदन, साधारण सभाको बिस्तृत सूचना कम्पनीको वेभसाइटमा पनि राखिएको थियो ।

भर्चुअल ( Zoom ) माध्यमबाट शेयरधनि महानुभावहरुको अधिकतम् सहभागिता होस् भन्ने उदेश्यले कम्पनीले आफ्नो वेभसाइटमा समेत साधारण सभामा सहभागिता सम्बन्धी अलग्गै पोर्टल निर्माण गरि सभामा सहभागी हुन चाहने शेयरधनी महानुभावहरुको विवरण रजिष्टर्ड गर्ने व्यवस्था गरिएको । साथै सभामा सहभागी हुन चाहनु हुने शेयरधनी महानुभावको इमेल/मोवाईल नम्बरमा वेविनारको ID / Passcode समेत पठाई सहभागी हुने व्यवस्था मिलाईएको ।

**३. छलफलका बिषयहरुः**

**(क) साधारण प्रस्ताव अन्तर्गत :**

१। आ.ब. ०७६।०७७ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह र तत् सम्वन्धित अनूसुचिहरु तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

२। कम्पनीले आ.ब.०७६।०७७ सम्मको बितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु २,२०,००,००,०००/- ( अक्षरेपि रु दुई अर्ब बीस करोड मात्र ) को १० प्रतिशतका दरले हुने रु २२,००,००,००० /- ( अक्षरेपि रु बाइस करोड मात्र ) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर वापत चुक्ता पूँजिको ०.५२६३ प्रतिशतले हुने रु १,१५,७८,९४७।३७ ( अक्षरेपि रु एक करोड पन्ध्रलाख अठहत्तर हजार नौसय सैंतालिस रुपैया सैंतिस पैसा मात्र ) नगद लाभांस वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३। स्वतन्त्र संचालकको नियुक्ती अनुमोदन गर्ने ।

४। संचालक समितिमा सँस्थापक शेयरधनीहरु (समूह क) को तर्फबाट ४ जना तथा सर्वसाधारण शेयरधनिहरु (समूह (ख) ) बाट प्रतिनिधित्व गर्ने २ जना संचालकको चयन गर्ने ।

५। लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम आ.ब. ०७७।०७८ को लागी बाह्य लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिकको निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१। संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. ०७६।७७ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु २,२०,००,००,०००/- ( अक्षरेपि रु दुइ अर्ब बीस करोड मात्र ) को १० प्रतिशतका दरले हुने रु २२,००,००,००० /- ( अक्षरेपि रु बाईस करोड मात्र ) बराबरको बोनस शेयरलाई शेयरधनि दर्ता पुस्तिका बन्द मितिको अघिल्लो दिन सम्म कायम हुने शेयरधनिले पाउने गरि वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै बोनश शेयर जारि पश्चात कायम हुन आउने भिन्न अङ्क ( Fraction ) लाई भविष्यमा समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव समेत पारित गर्ने ।

२। बोनस शेयर जारी गरेपश्चात कम्पनीको चुक्ता पूँजि २,४२,००,००,०००/- ( अक्षरेपि रु दुइ अर्ब बयालिस करोड मात्र) पुग्ने भएकोले सोहि बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) (घ) संशोधन गर्ने ।

३। विषेश प्रस्ताव नं २ को सम्बन्धमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४। आर्थिक वर्ष ०७६।०७७ मा कम्पनीले कोभिड १९ पिडितको उपचारको लागि सहयोग स्वरुप नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रु७,५०,०००/- (अक्षरेपि रु सातलाख पचास हजार मात्र ) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध**

**४. सभामा उपस्थिती**

**४.१ सञ्चालक समितिका पदाधिकारीहरु**

१। श्री नन्दकिशोर शर्मा ज्यु

२। श्री आकाश गोल्छा ज्यु

३। श्रीमती शर्मिला श्रेष्ठ महर्जन ज्यु

४। श्री जयन्त कुमार अग्रवाल ज्यु

५। श्री दिपक कुमार अग्रवाल ज्यु

४.२ पदाधिकारीहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री प्रकाश विक्रम खत्री ज्यु | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री फर्शुराम मरासिनी | एजेन्सी प्रमुख |
| ३.श्री राजिव गुर्वाचार्य | अण्डरराईटिङ्ग प्रमुख |
| ४. श्री उमेश मैनाली | कर्पोरेट सोलुसन प्रमुख |
| ५ श्री.रामप्रसाद थपलिया | कम्पनी सचिव |
| ६ श्री रवि रञ्जन सर्राफ | वित्त प्रमुख |
| ७. श्री उमेश बुढाथोकी | कानून बिभाग |
| ८. श्री आनन्द बाबु खड्का | निर्वाचन अधिकृत |

**५. गणपुरक सँख्या तथा शेयरधनीहरुको उपस्थिति :**

| विवरण | कुल उपस्थित सँख्या | स्वयम् उपस्थिति | भर्चुअल | प्रतिनिधि मार्फत उपस्थिति | कुलशेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | ३४३ | १९ | १ | ३२४ | ६६.९० प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १,४७,१७,५३७ कित्ता | १३,३५,००० कित्ता | १० | १,३३,४९,६३९ कित्ता | |

**६. सभाको बैधानिकता र सभाको सभापतित्व :**

कम्पनी सचिवले सभास्थलमा स्वयम् उपस्थिति र भर्चुअल मार्फत सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आगन्तुक महानुभावहरुमा हार्दिक स्वागत अभिवादन तथा उच्च सम्मान ब्यक्त गर्नु भयो । उहाँले कोभिड १९ को संक्रमणको जोखिमलाई मध्यनजर गरि नेपाल सरकारबाट जारी भएको स्वस्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै भर्चुअल माध्यमबाट सभामा सहभागी हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गरिए अनुरुप साधारण सभाको प्रसारण Zoom बाट समेत गर्ने व्यवस्था मिलाईएको जानकारी गराउनु भयो । साथै सभामा शेयरधनी महानुभावहरुलाई आफ्नो सुझाव राख्ने व्यवस्था मिलाईएको जानकारी गराउनु भयो ।

त्यसै गरि कम्पनी सचिवले कम्पनीको नियमावली तथा कम्पनी ऐनको दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनिहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको चौथो वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीहरुको उपस्थितिले आजको सभाको गणपुरक संख्या पुगेको जानकारी सभा समक्ष गराउनु भयो ।

तत्पश्चात कम्पनी सचिवले सभालाई औपचारिक रुपमा अगाडी बढाउने कममा साधारण सभाको सभापतित्व गरि दिन हुन कम्पनीको संचालक समितिका अध्यक्ष श्री नन्दकिशोर शर्मालाई अनुरोध गर्नु भयो र साथै संचालक समितिका सदस्यहरु, कम्पनीका पदाधिकारीहरु तथा वाह्य लेखापरिक्षकलाई आसन ग्रहण गराउनु भयो । सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथास्थानमा आसन ग्रहण गर्न र सभामा सक्रिय सहभागीताका लागि आग्रह गर्नु भयो ।

आसन ग्रहण पश्चात पानसमा बत्ति बालेर चौथो वार्षिक साधारण सभाको समुदघाटन कम्पनीको संचालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री नन्दकिशोर शर्मा ज्युले गर्नु भयो ।

तत्पश्चात कम्पनी सचिवले सभामा छलफल हुने साधारण तथा विशेष प्रस्तावहरुको जानकारी सभा समक्ष गराउनु भयो र संचालक समितिको तर्फबाट चौथो वार्षिक साधारण सभामा अध्यक्षको मन्तब्य तथा सभामा प्रस्तुत हुने संचालक समितिको प्रतिवेदन प्रस्तुत गरिदिन हुन सभाका सभापतिलाई अनुरोध गर्नु भयो ।

**७. वार्षिक साधारणसभाको प्रस्तुती**

सभाका सभापति तथा संचालक समितिका अध्यक्ष श्री नन्दकिशोर शर्मा ज्यूले सहभागी सबै शेयरधनी महानुभावहरु, प्रतिनिधि, पर्यवेक्षक तथा पत्रकारहरु ,प्रमुख कार्यकारी अधिकृत, बाह्य लेखापरिक्षक, नियमनकारी निकायका प्रतिनिधिहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई स्वगत अभिवादन गर्दै संचालक समितिको तर्फबाट चौथो वार्षिक साधारण सभाको प्रतिवेदन प्रस्तुत गर्नु भयो । साथै चौथो साधारण सभामा प्रस्तुत प्रस्तावहरुमा आवश्यक छलफल गरि पारित गरिदिन हुन शेयरधनि महानुभावहरुलाई अनुरोध समेत गर्नु भयो ।

**८. छलफलमा सहभागी भई मन्तब्य ब्यक्त गर्नु भएका शेयधनी महानुभावहरु :**

चौथो वार्षिक साधारण सभामा प्रस्तुत प्रस्ताव तथा बिषयहरु उपर छलफलमा सहभागी महानुभावहरुको नामावली:

सभामा स्वयम् उपस्थित भई छलफलमा सहभागी हुने ।

१. बुद्धि सागर बराल

**<u>भर्चुअल माध्यमबाट सहभागी हुने ।</u>**

१. चन्द्र नारायण श्रेष्ठ

**९. शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएको जिज्ञासा एवम् सुझावको सारांश**

छलफलको कममा सहभागी शेयरधनि महानुभावहरुले कोरोना माहामारीको बावजुद कम्पनीले सर्वसाधारण शेयर जारी गरेको पहिलो वर्ष नै दश प्रतिशत बोनस शेयर तथा सोमा लाग्ने कर प्रयोजनको लागि नगद लाभाँस समेत बितरण गरेकोमा धन्यवाद ब्यक्त गर्नु भयो। साथै बार्षिक पुस्तीका तथा संचालक समितिको प्रतिवेदनको प्रशंसा गर्दै कम्पनीको आर्थिक विवरण साकारात्मक रहेकोले कम्पनीको प्रगतिको लागि शुभकामना ब्यक्त गर्नु भयो ।

**१०. शेयरधनी महानुभावहरुको जिज्ञासाको जवाफ**

सभाका सभापति तथा कम्पनीको संचालक समितिका अध्यक्षले छलफलका कममा शेयरधनी महानुभावहरुले कम्पनी उन्नतिको लागि दिनु भएका सुझाव तथा सुभेच्छाको लागि हार्दिक धन्यवाद दिनु भयो ।

**११. सभाको निर्णयहरु :**

**क. साधारण प्रस्तावतर्फ ।**

१। सभामा आर्थिक बर्ष २०७६/०७७ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात तथा सोहि आर्थिक वर्षको आयव्यय हिसाब, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण लगायत NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेत पारित गर्नका लागि सभामा निर्णयार्थ प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

२। संचालक समितिबाट आ.ब.०७६।०७७ सम्मको बितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु २,२०,००,००,०००/- ( अक्षरेपि रु दुई अर्ब बीस करोड मात्र ) को १० प्रतिशतका दरले हुने रु २२,००,००,००० /- ( अक्षरेपि रु बाइस करोड मात्र ) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर वापत चुक्ता पूँजिको ०.५२६३ प्रतिशतले हुने रु १,१५,७८,९४७।३७ ( अक्षरेपि रु एक करोड पन्ध्रलाख अठहत्तर हजार नौसय सैंतालिस रुपैया सैंतिस पैसा मात्र ) नगद लाभांस वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सभाबाट उक्त प्रस्ताव सर्वसम्मत रुपमा पारित भयो ।

३। संचालक समितिको मिति २०७७।०८।२३ गते बसेको ७७ औं बैठकले स्वतन्त्र संचालकमा चार वर्षको लागि श्री दिपक कुमार अग्रवाललाई गरेको नियुक्ती साधारण सभामा अनुमोदनको लागि प्रस्तुत हुँदा उक्त प्रस्ताव सर्वसम्मतिबाट अनुमोदन भयो ।

४। कम्पनीको नियमावलीमा भएको व्यवस्था बमोजिम सँस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ४ ( चार) जना संचालक तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ ( दुई) जना संचालकको चयन सर्वसम्मतीबाट भयो । ( विस्तृत बिवरण बुँदा नं १२ मा उल्लेख गरिएको )

५। सभामा लेखा परिक्षण समितिको सिफारिस बमोजिम श्री UHY Suvod Associates, शंखमुल, नयाँ बानेश्वर,काठमाण्डौलाई आ.व.२०७७।०७८ का लागि वाह्य लेखा परिक्षकमा नियुक्ति गर्ने र निजले कम्पनीमा पेश गरेको निजको प्रस्तावमा उल्लेख भएवमोजिमका कार्य गरे गराए वापत नीजलाई वाह्य लेखापरिक्षण तथा NFRS प्रणालीमा आधारित वित्तिय विवरणमा समेत प्रमाणित गरे वापत कानून बमोजिम लाग्ने करसमेत पारिश्रमिक रू.३,९५,५००/(अक्षरेपि रु तीनलाख पन्चान्नब्बेहजार पाँचसय मात्र), Local Conveyance Allowance वापत रु २५,०००/( अक्षरेपि रु पच्चिसहजार मात्र) तथा लेखा परिक्षणको कममा काठमाण्डौं उपत्याका भन्दा बाहिर जाँदा खान, बस्न तथा भ्रमण गर्दा लागेको खर्च वास्तविक रसिद ( Bill ) बमोजिम उपलब्ध गराउने प्रस्ताव समेत पारित गरीयोस भनि पेश गर्नु भएकोमा सभाले सो प्रस्तावहरु सर्वसम्मतिबाट पारित गऱ्यो ।

**ख. विशेष प्रस्तावतर्फ**

१ संचालक समितिले प्रस्तावित आ.ब. ०७६।७७ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पुँजि रु २,२०,००,००,०००/- ( अक्षरेपि रु दुइ अर्ब बीस करोड मात्र ) को १० प्रतिशतका दरले हुने रु २२,००,००,००० /- ( अक्षरेपि रु बाईस करोड मात्र ) बराबरको

वोनस शेयरलाई शेयरधनि दर्ता पुस्तिका बन्द मितिको अघिल्लो दिन सम्म कायम हुने शेयरधनिले पाउने गरि वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै बोनश शेयर जारि पश्चात कायम हुन आउने भिन्न अङ्क ( Fraction ) लाई भविष्यमा समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो ।

२ कम्पनीको प्रबन्धपत्र को दफा ६ (ग) र (घ) मा देहायबमोजिम संशोधन गर्न भनि संशोधन गर्नु पर्ने कारण समेत उल्लेख गरि अध्यक्ष श्री नन्दकिशोर शर्माज्युले सभामा पेश गर्नु भएकोमा उक्त संशोधनको प्रस्तावलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो ।

**कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) र (घ) तथा मा संशोधन हुने प्रस्ताव ।**

प्रबन्धपत्र तर्फ

| दफा | हाल कायम रहेको व्यवस्था | संशोधन हुने प्रस्तावित व्यवस्था | संशोधनको औचित्य |
|---|---|---|---|
| ६.ग | कम्पनीको जारी पूँजि रु २,२०,००,००,०००/- ( रु दुई अर्ब बीस करोड मात्र ) हुनेछ । | कम्पनीको जारी पूँजि रु २,४२,००,००,०००/-(रु दुई अर्ब बयालिस करोड मात्र ) हुनेछ । | कम्पनीले बोनस शेयर जारी गर्दा पूँजि वृद्धी भएको हुनाले । |
| ६.घ | खण्ड (ग) मा उल्लेखित जारी पूँजिलाई प्रति इकाई १०० ( एकसय) का दरले २,२०,००,०००/- ( दुई करोड बीसलाख ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | खण्ड (ग) मा उल्लेखित जारी पूँजिलाई प्रति इकाई १०० ( एकसय) का दरले २,४२,००,०००/- ( दुई करोड बयालिस लाख ) थान साधारण शेयरमा बिभाजन गरिएको छ । | कम्पनीले बोनस शेयर जारी गर्दा पूँजि वृद्धी भएको हुनाले । |

३। उपरोक्त उल्लेखित विशेष प्रस्ताव नं १ र २ को निर्णयहरु कार्यान्वयन गर्ने क्रममा सम्बन्धीत नियमनकारी निकाय तथा अन्य निकायहरुबाट कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको कुनै दफा वा नियममा फेरबदल गर्न वा कुनै सुझाव प्राप्त भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल वा संशोधन गर्ने सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्युले सभामा पेश गर्नु भएकोमा सभाले प्रस्ताव बमोजिम सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने गरि उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

४। आर्थिक वर्ष ०७६।०७७ मा कम्पनीले कोभिड १९ पिडितको उपचारको लागि सहयोग स्वरुप नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रु७,५०,०००/- ( अक्षरेपि रु सातलाख पचास हजार मात्र ) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को (ग) बमोजिम अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भयो ।

**ग. विविध:**

अन्य कुनै बिषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भईसकेको जानकारी सभामा गराईयो ।

१२. **सधारण सभाबाट सँस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने ४ ( चार) जना संचालक तथा सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने २ ( दुई ) जना संचालकहरुको सर्वसम्मतिले चयन :**

कम्पनीको नियमावली बमोजिम सँस्थापक शेयरधनी (समूह क) बाट ४ ( चार) जना तथा सर्वसाधारण शेयरधनीको तर्फ ( समूह ख ) बाट २ ( दुई) जना निर्वाचन गर्न कम्पनीले प्रकाशित गरेको निर्वाचन कार्यतालिकाको बारेमा जानकारी गराउँदै पद सँख्या भन्दा बढी उमेद्वारी नपरेकोले देहयका व्यक्तीहरु संचालक पदमा निर्विरोध चयन भएको जानकारी निर्वाचन अधिकृत श्री आनन्द बाबु खड्काले गराउनु भयो ।

सँस्थपक शेयरधनी ( समूह क) बाट निर्विरोध चयन भएका संचालकहरु :

क. श्री नन्द किशोर शर्मा,

ख. श्री आकाश गोल्छा,

ग. श्रीमति शर्मीला श्रेष्ठ महर्जन,

घ. श्री जयन्त कुमार अग्रवाल ( प्रतिनिधि कल मोबिलिटी प्रा.लि.)

सर्वसाधारण शेयरधनी ( समूह ख ) बाट निर्बिरोध चयन भएका संचालकहरु:

क. श्री कौशल नौलखा,

ख. श्रीमति प्रिया तायल,

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

कार्यक्रमको अन्त्यमा, अध्यक्षज्यूले चौथो बार्षिक साधारण सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरू एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई साधारण सभा सफल बनाउन सहयोग पुर्‍याउनु भएकोमा हार्दिक धन्यबाद दिदै सभा बिर्सजन भएको घोषणा गर्नुभयो ।

श्री रामप्रसाद थपलिया
कम्पनी सचिव

श्री नन्द किशोर शर्मा
अध्यक्ष